नेचासल्यान गाँउपालिका

# आर्थिक वर्ष २०८१/०८२

# को

# बजेट बक्तव्य

## नेचासल्यान गाउँपालिका

नेचावेतघारी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

## सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

१। नेचासल्यान  गाँउपालिकाको पन्ध्रौ गाउँसभामा गाउकार्यपालिकाले दिएको जिम्मेवारी अनुसार आगामी आर्थिक वर्ष २०८१/०८२ को अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएकोछु। सर्वप्रथम लोकतन्त्र प्राप्तिका निम्ति आफुलाई बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

२। नेचासल्यान गाउपालिकाको १३ औ र १४ औ गाउसभाको निर्णयानुसा स्विकृत भएका योजना तथा कार्यक्रमहरुको सफल कार्यान्यवनमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति गाउँपालिकाको तर्फबाट हार्दिक आभार/धन्यबाद ज्ञापन गर्दछु ।

३। नेचासल्यान गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँपालिका भित्रका जनताको सर्वोपरी हीतलाई केन्द्र बिन्दुमा राखी नेपालको संविधान, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट सीमा, नेचासल्यान गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिइएको छ । साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीतिकर्मी, भद्रभलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिइएको छ ।

### आदरणिय सभाध्यक्ष तथा सदस्यज्यूहरु

अव म आगामी आर्थिक बर्ष २०८१/०८२ मा राखिएका उद्धेश्य तथा कार्यान्वयन गर्दा अवलम्बन गरिने दीर्घकालीन सोच, योजना तर्जुमाका आधारहरु, मुख्य नीतिहरु, बजेटको प्राथमिकता र उद्धेश्यको बारेमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) सोच :**

***समुन्नत, कृषि, पर्यटन, उर्जा, सहकारी र पूर्वाधार,  सुशासन र जवाफदेहीता र दिगो विकाससमृद्ध नेचासल्यानको आधार***मुल नारालाई आत्मासात गर्दै यस गाउपालिकालाई सम्बृद्ध गाउपालिका बनाउने ।

ख) लक्ष्य :

कृषि, पर्यटन, उर्जा, सहकारी र पूर्वाधार लगायत क्षेत्रहरुको विकास गर्ने र जनताहरुका आधारभूत आवश्यकतासँग जोडिएका कार्यक्रमहरु संचालन गरि यस गाउपालिकालाई अनुकरणिय गाउपालिकाको रुपमा विकास गर्ने ।

ग) उद्देश्य :

यस गाउपालिकाको योजना तथा कार्यक्रमहरु स्थानीय उत्पादन तथा जनताको जिवन स्तर, आय आर्जन र रोजगारी सँग आवद्ध गरि जनताको जिवनस्तरमा सुधार ल्याई यस गाउपालिकालाई सम्बृद्ध बनाउनु हाम्रो उद्धेश्य रहेको छ ।

### योजना तर्जुमाका आधारहरु

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार, प्रदेश सरकारको आ.व ०८१।०८२ को नीति तथा कार्यक्रम
- राष्ट्रिय  प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेशको आवधिक योजना ।
- स्थानीय स्रोत साधन
- संघ, प्रदेश र स्थानीय तहले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

**आगामि आ.व. २०८१/०८२ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-**

- स्वास्थ्यनै मावन जीवनको पहिलो आवश्यकता भएको हुनाले  स्वास्थ्य क्षेत्र
- आत्म निर्भर हुने गरी कृषि तथा पशु उत्पादनमुखि, व्यवशायमुखी तथा स्वरोजगारमुखी  कार्यक्रमहरु
- रोजगारी सिर्जना हुने कार्यक्रमहरु
- गरिवी निवारण, पूर्ण सरसफाई तथा लैगिंक तथा समावेशी विकासका लागि सामाजिक परिचालन कार्यक्रम
- भाषा, साहित्य, कला संस्कृतिको संरक्षण र प्रवर्द्धन
- स्थानीय स्रोत साधन र सीपको प्रयोग,
- महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रम,
- पुर्वाधार विकास, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने कार्यक्रम,

**श्रद्धेय अध्यक्ष एवंम सदस्य ज्युहरु,**

अब म आ.ब. २०८१/०८२ को नेचासल्यान गाउँपालिकाको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

| क.सं. | श्रोत | बिनियोजित बजेट |
|---|---|---|
| १ | संघिय सरकार | |
| १.१ | सर्सत अनुदान | २३६,८२९,०००।० |
| १.२ | वित्तिय समानिकरण अनुदान | ११४,१००,०००।० |
| १.३ | राजश्व बाँडफाँड | ६३,५००,०००।० |
| १.४ | संघिय समपुरक अनुदान | १५,०००,०००।० |
| | संघिय बिशेष अनुदान | १०,०००,०००।० |
| २. | प्रदेश सरकार | |
| २.१ | सर्सत अनुदान | ४,१७०,०००।० |
| २.२ | प्रदेश सरकार वित्तिय समानिकरण | ७,१७०,०००।० |
| २.३ | प्रदेश राजश्व बाँडफाँड | २,०५१,०००।० |
| २.४ | समपुरक अनुदान | १०,०००,०००।० |
| ३ | मालपोत रजिष्ट्रेसन बापत | १,०००,०००।० |
| ४ | आन्तरिक श्रोत | ६,७८०,०००।० |
| ५ | चालु आ.व. बाट संचितकोषमा जाने | ९,६००,०००।० |
| | जम्मा रकम | ४८०,२००,०००।० |

४। उल्लिखित बजेटका श्रोतहरुको आधारमा नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को कुल बजेट रु. ४८ करोड ०२ लाख रहेको छ ।

५। गैरसरकारी संघसंस्थाहरुको वार्षिक स्वीकृत कार्यक्रम संस्थाले पेश गरेको कार्यक्रम बमोजिम सञ्चालन हुनेछ ।

६। कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगीक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकीकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ।

७। आ.व. २०८१/०८२ को शसर्त कार्यक्रमको लागि कुल बजेट *रु. २७ करोड २९ लाख ९९ हजार* विनियोजन गरिएको छ । शसर्त तर्फको कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन र कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम कार्यान्वयन गरिनेछ।

८। संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन बमोजिम सञ्चालन गरिनेछ।

९। संघीय सरकारबाट हस्तान्तरण भएको संघीय सरकारको विशेष अनुदान रु १ करोड २० लाख तथा समपुरक अनुदान १ करोड ५० लाखको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन हुनेछ।

१०। प्रदेश सरकारबाट हस्तान्तरण भएकासमपुरक अनुदान रु. १ करोडको प्रदेश समपुरक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन गरिनेछ।

११। आ.व. २०८१/०८२को लागि चालू तथा पूजिगत तर्फको विनियोजन देहायबमोजिम रहेको छः

क) क्षेत्रगत बजेट विनियोजन

| सि.नं. | कार्यक्रम | क्षेत्रगत बजेट विनियोजन | शिर्षकगत विनियोजन | |
|---|---|---|---|---|
| | वडा कार्यालय पूजिगत | २७,५००,०००।० | २७,५००,०००।० | २ करोड ७५ लाख |
| | वडा प्रशासनिक/कार्यालय प्रशासनिक | ९५,५००,०००।० | ९५,५००,०००।० | ९ करोड ५५ लाख |
| १ | पूजिगत खर्च कोष | | | |
| | समपुरक कोष | ३२,०००,०००।० | | |
| | प्रदेश समपुरक | | ४,०००,०००।० | |
| | वडा कार्यालय भवन | | ४,५००,०००।० | |
| | प्रशासनिक | | १५,५००,०००।० | |
| | झोपु | | १,०००,०००।० | |
| | बिद्युत | | ६,०००,०००।० | |
| | सामाजिक विकास मन्त्रालय समपुरक | | १,०००,०००।० | |
| २ | आर्थिक विकास | ३,१५०,०००।० | | |
| | कृषि शाखा | | १,५५०,०००।० | |
| | पशु सेवा | | १,६००,०००।० | |
| ३ | सामाजिक विकास | १३,५४३,०००।० | | |
| | शिक्षा | | ३,१९२,०००।० | |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य | | ५,३२६,०००।० | |
| | महिला | | ३,३२५,०००।० | |
| | खेलकुद | | १,७००,०००।० | |
| ४ | शुसासन अन्तर सम्बन्धित क्षेत्र | ४,६५८,०००।० | | |
| | क) वातावरण तथा बिपद व्यवस्थापन | | २,८५८,०००।० | |
| | ख) शुसासन तथा संचार | | १,८००,०००।० | |
| | ग) प्रबर्द्धनात्मक | ४,६५०,०००।० | | |
| | ग) मागमा आधारीत | | २,०००,०००।० | |
| | घ) सडक मर्मत | | २,६५०,०००।० | |
| | ड) दायित्व (सम्पन्न भई भूक्तान गर्न बााकी) | ७,०००,०००।० | ७,०००,०००।० | |
| | अन्य पूर्वाधार विकास | १६,२००,०००।० | १६,२००,०००।० | |
| | कुलजम्मा | ४८०,२००,०००।० | ४८०,२००,०००।० | |

**ख) योजना कार्यक्रमगत वजेट विनियोजन**

क) आ.व. २०८१/०८२ को लागि कार्यालय चालू खर्च अन्तर्गत प्रशासनिक तर्फको कार्यक्रमको लागि ***रु. ९ करोड ५५ लाख***विनियोजन गरिएको छ । यो कूल विनियोजन रु. २० करोड ४२ लाख १ हजारको ४६.७६ प्रतिशत हो । प्रशासनिक तर्फको बजेट विनियोजन **अनुसूची-१**मा उल्लेख गरिएको छ ।

१२। आ.व. २०८१/०८२ को लागि वडा कार्यालय तथा गाउँपालिकाको कार्यक्रम तथा विकास बजेट सम्बन्धी विनियोजन देहायबमोजिम रहेको छ ।

क) प्रत्येक वडा कार्यालयलाई रु. ५५ लाखको दरले एकमुष्ट रु. २ करोड ७५ लाख विनियोजन गरिएको छ ।

ख) आ.व. २०८१/०८२ मा नेचासल्यान गाउँपालिकाको गौरवका आयोजना, दीर्घकालीन महत्वको आयोजना, बिषयगत कार्यक्रमहरुको लागि निशर्त तर्फरु. **१० करोड ८७ लाख ०१ हजार** (**५३.२४ प्रतिशत**) विनियोजन गरिएको छ । योजनागत बजेट विनियोजन **अनुसूची-**२मा उल्लेख गरिएको छ ।

१३। अब म नेचासल्यान गाँउपालिकाको आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रमहरुको क्षेत्रगत विनियोजन सम्बन्धीको बजेट/कार्यक्रम बक्तव्य प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकासः

१४। संघीयता कार्यान्वयन भएको सातौ वर्षमा प्रवेश गरिसक्दा पनिगाउँपालिकाको आफनो सुविधासम्पन्न प्रशासनिक भवन नहुँदा गाउँपालिकाले वितरण गर्ने सेवा प्रभावित बनेको हुँदा चालु आर्थिक बर्ष २०८०/०८१ मा गाउँपालिकाले वडा नं. ३ मा रहेको बिहिबारे बजारमानेचासल्यान गाउँपालिकाको प्रशासनिक भवन निर्माण सुरु गरि आगामी आर्थिक बर्षको मध्य तिर सम्पन्न गर्ने लक्ष्य लिएको छ

।नेचासल्यान गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि समपुरक स्वरुप रु.१ करोड ५५ लाख तथा संघिय सरकारबाट रु १ करोड पचास लाख विनियोजन गरिएको छ ।

१५। गाउँपालिकाका वडा तर्फको प्रशासनिक भवन वडा न ४ को निर्माण सम्पन्न भई उक्त भवनबाट सेवा प्रवाह सुरु नैसकेको सम्मानित सभामा सहर्ष जानकारी गराउदछु। वडा नं. १ र वडा नं. ५ को वडा कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेका विदितै छ । वडा कार्यालय भवन निर्माणको लागि रु. ४५ लाख बजेट विनियोजन गरिएको छ ।

१६। गाउँपालिका भित्रका मूख्य सडक मार्गहरुको मर्मत र स्तरोन्नति, सुधारको लागि बजेटको व्यवस्था गरिएको छ ।

१७। गाउँपालिकाले निर्माण कार्य थालनी गरेको गाउँपालिका भित्रको गुम्बा तथा सामुदायिक भवनहरुको निर्माण कार्यलाई यसै वर्ष सम्पन्न गर्ने लक्ष्य लिएको छ । सामुदायिक भवनहरुको निर्माण (क्रमागत)को लागि बजेटको व्यवस्था गरिएको छ ।

१८। पूर्वाधार विकास तर्फ सशर्त सहितरु. **१३ करोड ४३ लाख ३५ हजार** विनियोजन गरिएको छ । संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भएको सशर्त तर्फको पूर्वाधार विकास संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन बमोजिम सञ्चालन गरिनेछ ।

## आर्थिक विकास

१९। आर्थिक विकास क्षेत्रमा सशर्त बिशेष अनुदान सहित १ करोड विनियोजन गरिएको तथा समानिकरण: कृषि तर्फ रु १५ लाख ५० हजार र पशुसेवा तर्फ रु १६ लाख वजेट विनियोजन गरिएको छ ।

२०। गाउँपालिकाले कृषि, पर्यटन, सञ्चार, जलविद्युत, लघुउद्यम विकास, पुर्वाधार विकास आदिको क्षेत्रमा लगानी गर्दै आएको छ । संघीयता कार्यान्वयनको ७ वर्षको अवधिमा स्थानीय सरकारको उपस्थितिले जनतामा आर्थिक कारोबार गर्ने क्षमतामा सामान्य वृद्धि भएको छ ।

२१। बैदेशिक रोजगारबाट फर्किएका यूवाहरु लक्षित गरि उक्त समूदायलाई व्यवशायिक कृषि तर्फ आकर्षण गर्ने गरि कार्यक्रम तय गरिएको छ ।

२२। गाउँपालिका भित्रका कृषक/पशुपालकहरुलाई व्यवशायिक कृषि खेतीतर्फ आकर्षित गर्न कृषि अनुदानका साथै प्रोत्साहन अनुदान समेतको व्यवस्था गरिएको छ ।

२३। नगदेबाली लगायत कृषि उत्पादन, भण्डारण तथा व्यापारमा वृद्धि भएको छ । तर दैनिक उपभोग्य सामानको पैठारीमा बढोत्तरी भएसँगै गाउँपालिकाले विविध वस्तु तथा सेवाका आन्तरिक उत्पादनमा जोड दिई निकासी प्रबर्द्धन गर्नुपर्दछ ।

## सामाजिक विकास

- शिक्षा युवा तथा खेलकुद

२४। सामाजिक विकास तर्फ रु. १ करोड ३५ लाख त्रिचालिस हजार विनियोजन गरिएको छ ।

२५। माध्यमिक तहमा शिक्षक अभाव हुन नदिने तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकाले निजी अनुदानमा ५ जना मा.वि. तहका शिक्षक व्यवस्थालाई निरन्तरता दिईएको छ। माध्यमिक तहमा निजी शिक्षक व्यवस्थापनको लागि रु. २८ लाख विनियोजन गरिएको छ।

२६। विद्यालय कर्मचारी (का.स. र लेखा)लाई नेपाल सरकार सशर्त अनुदानबाट प्राप्त तलब सुविधामा थप गर्न व्यवस्था गरिएको छ । विद्यालय कर्मचारीलाई प्रोत्साहन गर्न बजेटको व्यवस्था गरिएको छ । बालकक्षा शिक्षकहरुलाई गाउपालिकाबाट थप लागि रु.३१ लाख विनियोजन गरिएको छ।

२७। गाउँपालिकासँग विद्यालय प्र.अ., वि.व्य.स., सि.अ.संघ र सरोकारवालाहरुसँग छलफल र अन्तर्क्रिया गर्न बजेटको व्यवस्था गरिएको छ।

२८। गाउँपालिकाले विद्यालय शिक्षा मार्फत भाषा संस्कृति प्रबर्द्धन गर्नु आवश्यक छ। शेर्पा भाषा र बाहिड शिक्षक व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । माध्यमिक विद्यालयमा परम्परागत सीप विकास तथा प्रबर्द्धन कार्यक्रमको शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिइएको छ ।

२९। आर्थिक बर्ष २०८०/०८१ को स्विकृत कार्यक्रम अनुसार स्थानीय पाठयक्रम निर्माण कार्य सम्पन्न गरि शैक्षिक सत्र २०८१ देखी स्थानीय पाठ्याक्रमको पठनपाठन शुरु गरिएको छ।

३०। नेचासल्यान गाउँपालिका वडा नं. २ मा गूरुकूल शिक्षा बटुकलाई खाना खाजाको लागि अनुदानलाई निरन्तरता दिइएको छ।

३१। गाउँपालिकाले खेलकुदको माध्यमबाट सामाजिक आर्थिक विकास गर्ने लक्ष्य लिएको छ। गाउँपालिका भित्रका खेलाडीहरु विभिन्न खेलकुदमा सहभागीताको लागि आवश्यक बजेटको व्यवस्था गरिएका छ। गाउँपालिकामा खेलकुद कार्यक्रम सञ्चालन गर्न रु. १५ लाख विनियोजन गरिएको छ।

३२। खेलकुद क्षेत्रको विकासका लागि राष्ट्रपति रनिङ शिल्ड (जिल्ला स्तर/पालिका स्तर) नियमित रुपमा संचालन गरिने तथा गाउपालिका स्तरका खेलाडिहरुलाई अन्तरपालिका खेलकुदमा सहभागिताका निम्ति बिशेष व्यवस्था गरिएको छ।

- <u>स्वास्थ्य</u>

३३। गाउँपालिका भित्रै डिजिटल एक्सरे सुविधा उपलब्ध नहुँदा सामान्य दूर्घटना तथा स्वास्थ्य समस्यामा पनि नागरिकले ओखलढुंगा लगायत काठमाण्डौं जानुपर्ने अवस्थालाई अन्त्य गर्दै चालु आर्थिक बर्ष २०८०/०८१ मा प्राथमिक स्वास्थ्य केन्द्र सल्यानमा डिजिटल एक्सरे मेशिनको व्यवस्था गरिएको छ। यसबाट सामान्य स्वास्थ्य समस्याको चेकअप पालिका स्तरमानै गरिने गरेको छ। यस समस्यालाई समाधान गरी नागरिकको स्वास्थ्य समस्यालाई हल गर्नु स्थानीय सरकारको दायित्व हो । डिजिटल एक्सरे प्रिन्टर/जेनेरेटर खरीदका निम्ति आगामि आवका लागि ५ लाख बजेट विनियोजन गरिएको छ। साथै ल्याब सामग्री खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३४। सुत्केरी भेटघाट कोशेली कार्यक्रम, अक्सिजन सिलिण्डर पुनर्भरण तथा ओसारपसार कार्यक्रम, ज्येष्ठ नागरिक तथा ५ वर्ष मुनीका बालबालिका घरदैलो कार्यक्रम लाई निरन्तरता दिईएको छ।

३५। स्वास्थ्य तर्फको सशर्त कार्यक्रमहरु कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम गाउँपालिकाको आवश्यकता र प्राथमिकता बमोजिम सञ्चालन हुनेछ।

- **महिला तथा बालबालिका**

३६। गाउपालिकाले सुरुगरेको बालिका बचत कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

३७। गाउँपालिका भित्रका महिला समूहहरुलाई आय आर्जन प्रबर्द्धनका लागि बिउपुजीको लागि रु. ५ लाख बजेटको व्यवस्था गरिएको छ ।

३८। घरेलु हिंसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र सल्लेरीसँग सहकार्य र सहयोग, अन्तरपार्टी महिला सञ्जाल विस्तार तथा अभिमूखीकरण कार्यक्रमको लागि बजेटको व्यवस्था गरिएको छ ।

३९। १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान साथै अन्तर्राष्ट्रिय नारी दिवस कार्यक्रम सञ्चालन र सहयोगको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४०। महिलाहरुको नेतृत्व विकास पुनर्ताजगी तालिम, न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको पुनर्ताजगी तालिम तथा मेलमिलापकर्ताहरुलाई प्रोत्साहनकोलागि बजेटको व्यवस्था व्यवस्था गरिएको छ ।

- **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र:**

४१। गाउँपालिका, वडा कार्यालय तथा शाखाहरुको कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

४२। नेचासल्यान गाउँपालिकाको भौगर्भिक अवस्था अत्यन्तै कमजोर रहेको छ । गाउँपालिकाको कमजोर भूगोल तथा भूबनोट, महामारी लगायतबाट बेलाबेला ठूला विपद सिर्जना भई ठूलो जनधनको क्षती हुने गरेको छ । वातावरण तथा विपद व्यवस्थापनको लागि रु. २८ लाख५८ हजार बजेट विनियोजन गरिएको छ ।

४३। गाउँपालिकामा विभिन्न गैरसरकारी संघसस्थाहरुले गाउँपालिकासँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । मागमा आधारित साझेदारी कार्यक्रमको लागि २० लाख बजेटको व्यवस्था गरिएको छ ।

४४। गाउँपालिका भित्र आर्थिक रुपमा विपन्न, अशक्त, असाहय तथा विरामीहरुलाई कार्यविधि बमोजिम आर्थिक सहयोगका निम्ति बजेटको व्यवस्था गरिएको छ ।

४५। गाउँपालिकामा कार्यक्षेत्र बनाई काम गर्ने गैरसरकारी संघसंस्थाहरुको कार्यक्रम विनियोजन ऐनमा उल्लेख गरिएको छ ।

**अन्त्यमा, बजेट निर्माणको विषयमा सहयोग गर्नुहुने नेचासल्यान गाउापालिकाको अध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरू तथा सदस्य ज्यूहरू र कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनको सन्दर्भमा सरोकारवाला सबैको साथ सहयोगको अपेक्षा गर्दछु ।**

**धन्यवाद ।**